

BUTWAL POWER COMPANY LIMITED

# बुटवल पावर कम्पनी लिमिटेड

# संक्षिप्त वार्षिक प्रतिवेदन २०६७

www.bpc.com.np

# बुटवल पावर कम्पनी लिमिटेडको १८औं वार्षिक साधारण सभा बस्ने सुचना

शेयरधनीज्यू,

मिति २०६७/८/२० (तदनुसार ६ डिसेम्वर २०१०) मा बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको १८ औं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा देहायका विषयहरू उपर छलफल गर्न बस्ने भएको हुँदा स्वयं वा प्रतिनिधि मार्फत साधारण सभामा भाग लिन हुन अनुरोध छ ।

**साधारण सभा हुने मिति, स्थान र समय :**

**मिति :** २०६७ पौष २३ गते शुक्रवार (तद्नुसार जनवरी ७, २०११) ।

**स्थान :** इन्द्रेणी कम्प्लेक्स, वानेश्वर, काठमाण्डौं ।

**समय :** अपरान्ह :२.३० बजे ।

**छलफलका विषयहरु :**

१. संचालक समितिको प्रतिवेदन माथी छलफल गरी पारित गर्ने ।

२. आ.व. २०६६।६७ को लेखापरीक्षकको प्रतिवेदन तथा वासलात, वार्षिक नाफा नोक्सानको हिसाब विवरण र नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने ।

३. लेखापरीक्षण समितिको सिफारिस अनुसार आ.व. २०६७/६८ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. सञ्चालक समितिले सिफारिस गरे वमोजिम चुक्ता पूँजीको २०% नगद लाभांश स्विकृत गर्ने ।

५. सञ्चालक समितिले सिफारिस गरे वमोजिम १०% बोनस शेयर जारी गर्ने विषेश प्रस्ताव परित गर्ने ।

६. विविध ।

**साधारण सभा सम्बन्धी सामान्य जानकारी :**

१. कम्पनीको शेयर दाखिल खारेजको काम मिति २०६७ पौष ५ गते सोमवार देखि २०६७ पौष २३ गते शुक्रवार सम्म बन्द रहने छ ।

२. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले सम्पूर्ण शेयरको प्रतिनिधि एउटै व्यक्ति हुने गरी प्रतिनिधिपत्र (प्रोक्सी) फाराम भरी कम्पनीको रजिष्ट्र्ड कार्यालय, वुद्धनगर, काठमाण्डौंमा सभा शुरू हुनु भन्दा कम्तिमा ७२ घण्टा अगाडि अर्थात् २०६७।९।२० गते अपरान्ह १:३० बजे भित्र दर्ता गरी सक्नु पर्नेछ । शेयरवालाको नाम, शेयर संख्या र दस्तखत नमिलेको प्रतिनिधिपत्र रद्द हुनेछ ।

३. एकै शेयरधनीले एकभन्दा बढी प्रतिनिधि नियुक्त गरेको अवस्थामा पहिला दिएको

प्रोक्सी बदर गरेको भन्ने व्यहोरा उल्लेख भई पछिल्लो प्रोक्सी दर्ता हुन आएमा वाहेक पहिला दर्ता हुन आएको प्रोक्सीले मान्यता पाउने छ ।

४. प्रोक्सी मुकरर गरी पठाउने शेयरधनी स्वयं साधारण सभामा उपस्थित भएको व्यहोरा लिखित रूपमा जानकारी दिएमा प्रोक्सी स्वतः बदर हुनेछ ।

५. सभा हुने दिन सभामा उपस्थितिका लागि हाजिर पुस्तिका अपरान्ह १:०० वजे देखि खुल्ला रहने छ । परिचय नं. (शेयरधनी नं.) को आधारमा हाजिरी जनाउने व्यवस्था गरिएको हुंदा शेयरधनी महानुभावले आफ्नो परिचय नं. तथा परिचय खुल्ने कुनै पनि कागजातहरू जस्तैः शेयर प्रमाणपत्र, नागरिकता, लाइसेन्स आदि अनिवार्य रूपमा प्रस्तुत गरिदिनु हुन अनुरोध छ ।

६. कुनै संगठित संस्था वा कम्पनीले शेयर खरीद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ ।

७. छलफलका विषय सूची मध्ये विविध शिर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै छलफलको विषय कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रूपमा दिनु पर्नेछ ।

८. अन्य जानकारीको लागि कम्पनीको रजिष्ट्रर्ड कार्यालय, बुद्धनगर, काठमाण्डौ तथा श्री एनएमवि क्यापिटल लि., ववरमहल, काठमाडौंमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

**संचालक समितिको आज्ञाले**
मुरली प्रसाद शर्मा
कम्पनी सचिव
मितिः २०६७/०८/२७

# संचालक समितिको प्रतिवेदन

## (१८ औं वार्षिक साधारण सभामा शेयरधनीहरू समक्ष प्रस्तुत हुने)

**शेयरधनीज्यूहरु,**

कम्पनीको वार्षिक प्रतिवेदन तथा मिति २०६७ साल आषाढ मसान्त सम्मको लेखापरीक्षण भएको हिसाव किताबको विवरणहरू प्रस्तुत गर्न पाउँदा संचालक समितिलाई खुसी लागेको छ ।

### वित्तिय सम्पादन

इन्जिनियरिङ व्यवसायलाई छुट्टाई सहायक कम्पनी मार्फत संचालन गरिएकोमा त्यसको वावजुद कम्पनीको कुल कारोवार गत वर्षको कुल कारोवार रू. ४७ करोड ७ लाखमा १.९४% को सामान्य वृद्धि भई रू. ४७ करोड ९८ लाख भएको छ ।

बोनस तथा कर अधिको नाफा रू. २५ करोड ४९ लाख रह्यो, जुन गत वर्षको नाफा रू. ३१ करोड ३५ लाखको तुलनामा १८.५% ले कम हो । बोनस तथा कर पछिको नाफा गत वर्षको नाफा रकम रू. २९ करोड १६ लाखमा २३.१% ले कमी हुन गई रू. २२ करोड ४२ लाख रह्यो । झिमरूक विद्युत गृह संचालनको १६ औं वर्षमा प्रवेश गरेको हुँदा सो विद्युत गृहवाट प्राप्त हुने आम्दानीमा करको दायित्व तथा रोयल्टीको भूक्तानी बढ्न गएकोले नाफा घट्न गएको हो ।

**कम्पनीको वित्तिय परिणामको सारसंक्षेप निम्न अनुसार रहेका छन् ।** (अन्यथा उल्लेख गरेको बाहेक अंक रू. हजारमा)

| विवरण | २०६६/०६७ | २०६५/०६६ |
|---|---|---|
| थोक विद्युत बिक्रीबाट आम्दानी | ३८७,८९६ | ३७५,१०३ |
| उपभोक्तालाई विद्युत र सेवा बिक्रीबाट आम्दानी | ७४,६७१ | ६३,७३७ |
| इन्जिनियरिङ तथा परामर्श सेवाबाट आम्दानी | - | २८,१०८ |
| व्यववस्थापन तथा प्राविधिक सेवावाट आम्दानी | १७,२४१ | ३,७४० |
| जम्मा संचालन आम्दानी | ४७९,८०९ | ४७०,६८८ |
| जम्मा संचालन खर्च | २०६,७२१ | १५६,१४८ |
| कूल संचालन नाफा | २७३,०८८ | ३१४,५४० |
| अन्य आय | १५१,२८० | १६०,६११ |
| प्रशासनिक तथा अन्य खर्च | १६९,४७१ | १६१,६५३ |
| बाँडफाँड अधिको खुद मुनाफा | २२४,२३३ | २९१,५९२ |
| प्रतिशेयर आम्दानी रू. | २४.२९ | ३४.७५ |
| नेटवर्थ रू. दश लाखमा | १,६३० | १,५४६ |

# व्यवसाय संचालन

## उत्पादन व्यवसाय

झिमरूक तथा आँधिखोला विद्युत गृहहरू प्रभावकारीरूपमा संचालनमा रही कुल १०१.९ गिगावाट आवर विद्युत उत्पादन भयो जुन गत वर्षको कुल उत्पादन भन्दा ०.७% ले वढी हुन आउँछ । झिमरूक खोलामा पानीको कम वहावका कारण झिमरूक विद्युत गृहवाट हुने विद्युत उत्पादनलाई प्रभावित पाऱ्यो । झिमरूक विद्युत गृह ५९.९८% को क्षमतामा संचालनमा रही ६३.२३ गिगावाट आवर विद्युत उत्पादन गऱ्यो जुन गत वर्ष उत्पादित विद्युत ६४.५ गिगावाट आवरको तुलानामा २.०४% ले कम हुन जान्छ ।

आँधिखोला विद्युत गृहले ८६.३४% क्षमतामा संचालनमा रही ३८.६८ गिगावाट आवर विद्युत उत्पादन गऱ्यो जुन गत वर्षको उत्पादन ३६.६७ गिगावाट आवरको तुलनामा ५.४८% बढी हुन जान्छ ।

कम्पनीको वितरण संजालमा रहेका विद्युत उपभोक्तालाई विद्युत वितरण गर्न वितरण व्यवसायलाई १७.५५ गिगावाट आवर विद्युत आपूर्ति गरिएको थियो । त्यसैगरी, ८१.४४ गिगावाट आवर विद्युत नेपाल विद्युत प्राधिकरणलाई बिक्री गरिएको थियो । उत्पादन व्यवसायवाट वितरण संजालमा रहेका विद्युत उपभोक्ताको आवश्यकता परिपूर्ति गर्न वितरण व्यवसायमा गत वर्षको तुलनामा १०.४% वढी विद्युत आपूर्ति गर्नु परेको थियो । जसको परिणामस्वरूप नेपाल विद्युत प्राधिकरणलाई बिक्री गरिएको विद्युतको परिमाणमा गत वर्षको तुलानामा १.९% ले कमी हुन गयो ।

विद्युत गृहहरूको मर्मत तथा संभारको कार्यहरू निरोधात्मक तथा लक्षित मर्मत योजना अनुरूप सम्पन्न भए । झिमरूक विद्युत गृहमा थिग्रिएका पदार्थहरूको प्रत्यक्षरूपमा अनुगमन गर्ने तथा अनावश्यक पदार्थहरू हटाउने प्रणाली जडान गरिएको छ । झिमरूक विद्युत गृहको ट्रान्सफर्मरको क्षमता ३ एम.भि.ए.वाट वृद्धि गरी ६/८ एम.भि.ए. पुऱ्याइएको छ । उत्पादन व्यवसायको नाफाको दर ८४% रह्यो ।

## वितरण व्यवसाय

स्याङ्जा, पाल्पा, प्यूठान तथा अर्घाखाँची जिल्लाहरूमा फैलिएको वितरण व्यवसायले ग्रामिण विद्युतीकरण विस्तार योजना मार्फत वितरण संजाल विस्तार तथा उपभोक्ता थप गर्दै लैजाने कार्य जारी रह्यो । वर्षभरीमा ३,०१४ नयाँ उपभोक्ताहरू थपिएका छन् भने तोकिएको परिमाणमा मात्र विद्युत उपभोग गर्न पाउने (कटआउट) समूहका १,१८६ उपभोक्तहरूलाई मिटर समूहमा परिवर्तन गरिएको छ । आ.व. २०६६।६७ को अन्त सम्ममा उपभोक्ताको संख्या ३४,४२८ पुगेको छ, जुन संख्या राष्ट्रिय प्रशारण प्रणाली अर्न्तगत विद्युत उपभोग गर्ने उपभोक्ताहरूको करीव दुई प्रतिशत हुन आउँछ ।

कम्पनीले आफ्ना उपभोक्ताहरूलाई १४.६८ गिगावाट आवर विद्युत बिक्री गऱ्यो, जुन गत वर्ष बिक्री गरिएको १३.३५ गिगावाट आवर विद्युतको तुलानामा ९.९६% प्रतिशतले वृद्धि हो । कुल विद्युत चुहावट १०.६% रह्यो । प्रति यूनिट सालाखाला वितरण खर्च रू. ६.४६ बाट बढेर रू. ६.५५ पुगेको छ । वितरण प्रणालीको विश्वसनियता ९६% रह्यो ।

न्यून विद्युत महशुल दर, बढ्दो कर्मचारी खर्च तथा उपभोक्ताहरू ग्रामिण क्षेत्रहरूमा छरिएर रहेको कारण वितरण व्यवसायवाट हुने आयमा कमी तथा नोक्सान बढ्न गएको छ ।

## संचालनमा रहेका सहायक तथा सम्वद्ध कम्पनीहरु:

**६० मेगावाट क्षमताको खिम्ती प्रथम जलविद्युत गृह**को स्वामित्वधारण तथा संचालन गर्ने हिमाल पावर लि. बिपिसीको एक सम्वद्ध कम्पनी हो, जसले आ.व २०६६।६७ मा रू. १ अरव ३४ करोड ८७ लाख नाफा आर्जन गऱ्यो । बिपिसीले उक्त आ.व.मा हिमाल पावर लि.वाट रू. १३ करोड ७८ लाख नगद लाभांश प्राप्त गऱ्यो । २०६७ आषाढ मसान्त सम्म हिमाल पावर लि.को नेटवर्थ रू. ६ अरव ६९ करोड १० लाख रहेकोमा बिपिसीको हिमाल पावर लि.मा कायम लगानीको मुल्य रू. १ अरव १२ करोड ९० लाख हुन आउँछ ।

गुणस्तरीय सेवा सहितको स्वतन्त्र इन्जिनियरिङ कम्पनी संचालन गर्ने उद्देश्यले सन् २००९ मा बिपिसीले आफ्नो इन्जिनियरिङ विभागको रूपमा रहेको **बिपिसी हाइड्रोकन्सल्ट**को सम्पत्ति हस्तान्तरण गरी हाइड्रो कन्सल्ट प्रा. लि.को बहुमत शेयर लिई हाइड्रो कन्सल्ट प्रा. लि.लाई टेक ओभर गरेको थियो । यस कम्पनीले आ.व. २०६६।६७ मा रू. २ करोड ४२ लाखको कारोवार गरी रू. ९४४,३०७ खुद नाफा आर्जन गऱ्यो । २०६७ आषाढ मसान्त सम्म हाइड्रो कन्सल्ट प्रा. लि. को नेटवर्थ रू. १ करोड ६ लाख रहेको मा बिपिसीको हाइड्रो कन्सल्ट प्रा.लि.मा कायम लगानीको मुल्य रू. ८० लाख ५२ हजार हुन आउँछ ।

**बिपिसी सर्भिसेज लि.**को उद्देश्य विद्युत गृहहरूलाई संचालन तथा मर्मत संभार सेवा तथा जलविद्युत विकाससंग जोडिएका अन्य कम्पनी एवं संस्थाहरूलाई प्राविधिक तथा अन्य सेवाहरू प्रदान गर्नु हो । यस कम्पनीले खुदी विद्युत गृहलाई संचालन तथा मर्मत संभार सेवा प्रदान गर्नुको साथै झिमरूक तल्लो तटिय सुधार योजनालाई समेत प्राविधिक सेवा उपलब्ध गरायो । यस कम्पनीले आ.व. २०६६।६७ मा रू. ९० लाख ९८ हजारको करोवार गरी १३ लाख २२ हजार खुद नाफा गऱ्यो । २०६७ आषाढ मसान्त सम्म बिपिसी सर्भिसेज लि. को नेटवर्थ रू. १ करोड ९ लाख ९० हजार रहेको मा बिपिसीको बिपिसी सर्भिसेज लि. मा कायम लगानीको मुल्य रू. १ करोड ९ लाख ९० हजार हुन आउँछ ।

**नेपाल हाइड्रो तथा इलेक्ट्रिक लि.** हाइड्रो मेकानिकल तथा इलेक्ट्रो मेकानिकल उपकरण निर्माण गर्ने कम्पनी हो । यस कम्पनीले आ.व. २०६६।६७ मा रू. २२ करोड ५३ लाखको कारोवार गरी रू. ५ लाख २८ हजार खुद नाफा गऱ्यो । २०६७ आषाढ मसान्त सम्म नेपाल हाइड्रो तथा इलेक्ट्रिक लि. को नेटवर्थ रू. १९ करोड ७१ लाख रहेकोमा बिपिसीको नेपाल हाइड्रो तथा इलेक्ट्रिक लि. मा कायम लगानीको मुल्य रू. १० करोड २८ लाख ५० हजार हुन आउँछ ।

**खुदी हाइड्रोपावर लि.**को स्वामित्वमा ४ मेगावाट क्षमताको खुदी जलविद्युत गृह संचालनमा रहेको छ । यस कम्पनीले आ.व. २०६६।६७ मा रू. ७ करोड ९६ लाख ५० हजार वरावरको विद्युत बिक्री गऱ्यो, जसवाट रू. १ करोड ९२ लाख ९३ हजार नोक्सान बेहोर्नु पऱ्यो । यो नोक्सानी रकम आ.व. २०६५।६६ मा भएको नोक्सानी भन्दा रू. ३ करोड ७६ लाख ६० हजारले कमी हो । विद्युत गृह निरन्तर संचालनमा रह्यो र खोलामा पानीको उपलब्धाताको आधारमा सन्तो षजनकरूपमा उत्पादन गरिरहेको छ । यस वर्ष विद्युत गृह गत वर्ष जस्तो लामो समय सम्म बन्द रहेन । २०६७ आषाढ मसान्त सम्म खुदी हाइड्रोपावर लि. को नेटवर्थ रू. ८ करोड ८८ लाख २० हजार रहेकोमा बिपिसीको खुदी हाइड्रोपावर लि. मा कायम लगानीको मुल्य रू. ५ करोड ३२ लाख ९० हजार हुन आउँछ ।

**हाइड्रो ल्याव प्रा.लि.**ले विभिन्न आयोजनाहरूलाई हाइड्रोलिक्स तथा सेडिमेन्ट विश्लेषण एवं हेडर्वक्स तथा संवद्ध अन्य क्षेत्रमा विशिष्टिकृत अनुसन्धान तथा परामर्श सेवा प्रदान गऱ्यो । यस कम्पनीले आ.व. २०६६।६७ मा रू. १ करोड ५३ लाख कारोवार गरी रू. २७ लाख ७५ हजार खुद नाफा आर्जन गऱ्यो । २०६७ आषाढ मसान्त सम्म हाइड्रो ल्याव प्रा.लि. को नेटवर्थ रू. ३ करोड ५५ लाख १० हजार रहेकोमा बिपिसीको हाइड्रो ल्याव प्रा. लि. मा कायम लगानीको मुल्य रू. ७१ लाख हुन आउँछ ।

**झिमरुक औधोगिक केन्द्र प्रा.लि.**ले बिपिसीको सामाजिक उत्तरदायित्वको लागि पहल कदमीका रूपमा विभिन्न सीप अभिवृद्धि तथा संस्थागत विकासका लागि तालिमहरू प्रदान गऱ्यो । यस कम्पनीले आ.व. २०६६।६७ मा रू. २६ लाख ९२ हजार कारोवार गरेकोमा रू. ७ लाख ७१ हजार नोक्सानी बेहोरेको छ । २०६७ आषाढ मसान्त सम्म झिमरूक औधोगिक केन्द्र प्रा.लि. को नेटवर्थ रू. १ करोड २२ लाख ४० हजार रहेकोमा बिपिसीको झिमरूक औधोगिक केन्द्र प्रा.लि. मा रहेको लगानीको मुल्य रू. २९ लाख ४० हजार हुन आउँछ ।

## आयोजनाहरु/संयुक्त लगानीमा संचालित कम्पनीहरुको अवस्था

न्यादी जलविद्युत आयोजना विकास गर्ने विशेष उद्देश्यका लागि संस्थापित न्यादी हाइड्रोपावर लि. ले आ.व. २०६६।६७ मा सन्तोषजनक कार्य प्रगती गरेको छ । उक्त आयोजनाको क्षमता वृद्धि गरी ३० मेगावाट पुऱ्याइएको छ । वृद्धि भएको क्षमताको आधारमा आयोजनाको संभाव्यता अध्ययनको कार्य सम्पन्न गरी विस्तृत डिजाइनको कार्य भइरहेको छ । साथै, वृद्धि भएको क्षमताको आधारमा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनलाई अद्यावधी गर्ने कार्य भइरहेको छ । सरकारवाट भाडामा लिनु पर्ने जग्गा वाहेक अन्य आवश्यक जग्गा खरीद गर्ने कार्य सम्पन्न भएको छ । आयोजनाको पहुँच मार्ग निर्माण तथा मस्याङ्दी नदीमा पुल निर्माणको कार्य शुरू भएको छ । बिपिसीले न्यादी हाइड्रोपावर लि. मा रू. ७ करोड २९ लाख १५ हजार शेयर लगानी गरिसकेको छ । नेपाल विद्युत प्राधिकरण संग विद्युत खरीद बिक्री को लागि सम्झौतालाई अन्तिम स्वरूप दिने कार्य भइरहेको छ । सन् २०११ को अन्त सम्ममा वित्तिय व्यवस्थाापन गरी यस आयोजनाको निर्माण शुरू गर्ने लक्ष रहेको छ ।

मस्याङदी तेश्रो जलविद्युत अयोजना विकास गर्ने विशेष उद्देश्यका लागि संस्थापित केटोन हाइड्रो पावर लि. ले आयोजनाको संभाव्यता अध्ययन कार्य सम्पन्न गरी संभाव्यता अध्ययन प्रतिवेदन विद्युत विकास विभागमा पेश गरेको छ । उर्जा मन्त्रालयवाट प्रारम्भिक वातावरणीय परीक्षणको लागि क्षेत्र निर्धारण उपर स्वीकृति प्राप्त भएको छ । बिपिसीले हाल सम्म केटोन हाइड्रोपावर लि. मा रू. १ करोड ४४ लाख लगानी गरेको छ । आ.व. २०६७।६८ मा उत्पादन अनुमतिपत्र पाउनको लागि प्रारम्भिक वातावरणीय परिक्षण गर्न तथा नेपाल विद्युत प्राधिकरणसंग विद्युत खरीद बिक्री सम्झौता सम्पन्न गर्नको लागि प्रक्रियाहरू शुरू गरिने छ ।

निर्माण, स्वामित्वकरण, संचालन तथा हस्तान्तरणको आधारमा कावेली ए जलविद्युत आयोजना विकास गर्ने विशेष उद्देश्यका लागि कावेली इनर्जि लि.को संस्थापना गरिएको हो । आयोजनाको संभाव्यता अध्ययन प्रतिवेदन अद्यावधी गर्नको लागि उर्जा मन्त्रालयवाट सन् २०१० को मार्चमा सर्भेक्षण अनुमतिपत्र प्राप्त गरी अद्यावधी गर्ने कार्य सम्पन्न भएको छ । संभव्यता अध्ययन प्रतिवेदनको अद्यावधी पश्चात् आयोजनाको क्षमता ३७.६ मेगावाट हुने देखिएको छ । प्रारम्भिक वातावरणीय परीक्षणको

दायरा (TOR) उर्जा मन्त्रालयवाट स्वीकृति भई प्रारम्भिक वातावरणीय परीक्षणको कार्य भई रहेको छ । त्यसैगरी विश्व बैंकवाट आयोजनाको वातावरणीय तथा सामाजिक प्रभाव मुल्यांकनको लागि अध्ययनको दायरा (TOR) स्वीकृत भई अध्ययनको कार्य सन्तोषजनक रूपमा अघि बढिरहेको छ । कावेली इनर्जि लि.ले आयोजनाको लागि विश्व बैंकवाट उर्जा विकास कोष मार्फत ४०% ऋण लगानी जुटाउने योजना बनाएको छ । २०६७ आषाढ मसान्त सम्म बिपिसिले कावेली इनर्जि लि.मा रू. ८१ लाख शेयर लगानी गरेको छ । कावेली इनर्जि लि.को सन् २०११ मा उर्जा मन्त्रालय तथा विश्व बैंकवाट अध्ययन प्रतिवेदनहरू स्वीकृत गराउने, नेपाल विद्युत प्राधिकरणसंग विद्युत खरिद बिक्री सम्झौता गर्ने तथा आयोजनाको वित्तिय व्यवस्थापना गर्ने योजना रहेको छ ।

उर्जा मन्त्रालयवाट ९.४ मेगावाट क्षमताको आँधिखोला क्षमतावृद्धि आयोजनाको उत्पादन अनुमतिपत्र नोभेम्वर, २०१० मा प्राप्त भएको छ । विद्युत खरीद-बिक्री सम्झौताको छलफल सम्पन्न भएको छ र सो सम्झौता छिट्टै हस्ताक्षर हुने अपेक्षा गरिएको छ । उक्त आयोजनामा अन्तर्राष्ट्रिय वित्तिय संस्था तथा स्थानिय बैंकहरूको संयूक्त उपक्रमको ऋण लगानी रहने छ । सिभिल, हाइड्रो मेकानिकल, तथा इलेक्ट्रोमेकानिकल कार्यहरूको लागि सम्झौताहरूको तयारी सम्पन्न भएको छ । उक्त आयोजनाको निर्माण कार्य जनवरी २०१० वाट शुरू भई मार्च २०१२ सम्ममा सम्पन्न हुने अपेक्षा गरिएको छ ।

बिपिसीले ९३ मेगावाट क्षमताको लोअर मनाङ मर्स्याङ्दी जलविद्युत आयोजनाको सर्भेक्षण अनुमतिपत्र प्राप्त गरेको छ । यो आयोजना मनाङ जिल्लाको दक्षिण भेगमा अवस्थित छ । उक्त आयोजनाको पूर्वसंभाव्यता अध्ययन कार्य सम्पन्न भएको छ र आयोजना आकर्षक देखिएको छ । उक्त अयोजनाको संभाव्यता अध्ययनको कार्य चलिरहेको छ र सन् २०११ सम्मा सम्पन्न हुने अपेक्षा गरिएको छ ।

## लाभांश

संचालक समिति निर्माणको चरणमा रहेका तथा कम्पनीले भविश्यमा लिन लागिरहेको आयोजनाहरूको लागि आवश्यक लगानीका सम्वन्धमा सचेत छ र नयाँ लगानीले शेयर धनीहरूलाई लामो समयको लागि सम्पत्तिको सृजना गर्ने छ । त्यसका बावजुद कम्पनीले दिगो लाभांश नीति अवलम्वन गरेको छ । त्यसैले संचालक समितिले कम्पनीको नाफावाट चुक्ता पूँजीको २०% नगद लाभांश तथा १०% बोनस शेयर वितरण गर्न सिफारिस गरेको छ ।

## हकप्रद शेयर

कम्पनीले निर्माण गर्न लागेका आयोजनाहरूको लागि चाहिने पूँजीलाई विचार गरी १७ औं वार्षिक साधारण सभाले हकप्रद शेयर जारी गर्ने प्रस्ताव पारीत गरेको थियो । ३:२ को अनुपातमा हकप्रद शेयर जारी गर्नको लागि प्रक्रिया शुरू गरिएको थियो र हाल सो प्रक्रिया जारी छ । तथापी, हाल देशमा विद्यमान राजनितिक अवस्था तथा लगानी वातावरणका कारण आयोजनाहरूको निर्माण योजना पछि सारिएको हुँदा हकप्रद शेयर जारी गर्ने कार्य तत्काल आवश्यक देखिएको छैन । हकप्रद शेयर जारी गर्नको लागि बाँकी प्रक्रियाहरू लगानीको आवश्यकता अनुरूप अगाडि बढ्नेछ ।

## संचालक समिति तथा संचालक समिति अन्तर्गतका समितिहरु

संचालक समितिमा केही हेरफेरहरू भएका छन् । जनवरी ८, २०१० मा सम्पन्न कम्पनीको १७ औं वार्षिक साधारण सभावाट सर्वसाधारण शेयरधनीहरूको तर्फवाट श्री निर्मल प्रधान चार वर्षको लागि निर्वाचित हुनु भएको छ । सांग्रिला इनर्जि लि.ले सेप्टेम्वर २२, २०१० वाट लागु हुने गरी श्री ज्ञानेन्द्र लाल प्रधानको स्थानमा श्री गणेश लाल श्रेष्ठलाई मनोनित गरेको छ ।

नवनियुक्त संचालकहरूलाई स्वगत गर्दै श्री ज्ञानेन्द्र लाल प्रधानलाई निजको कार्यकालमा कम्पनीमा गर्नु भएको योगदानको लागि संचालक समितिको तर्फवाट धन्यवाद दिन चाहन्छौं ।

लेखापरीक्षण समितिले आन्तरिक नियन्त्रण तथा संस्थागत सुशासनलाई अभिवृद्धि गर्न महत्वपूर्ण भूमिका निर्वाह गऱ्यो । वजेट समितिले कम्पनीको वजेट पुनरावलोकन, अनुगमन तथा नियन्त्रण गर्नको लागि संचालक समितिलाई सहयोग गऱ्यो ।

## संस्थागत सुशासन

बिपिसीले कम्पनीमा असल संस्थागत सुशासन सुनिश्चित गर्न संस्थागत मूल्य संरचनाको अवलम्वन गरेको छ । बिपिसीको संस्थागत मूल्य संरचनामा कम्पनीको दृष्टिकोण, लक्ष्य, मूल्य, व्यवसायको नीति तथा सिद्धान्त, संस्थागत सुशासनका नियमहरू, आचरण तथा नैतिकता सम्वन्धी नियमहरू समाविष्ट छन् ।

संस्थागत सुशासनका मानदण्डहरूको परिपालना सम्वन्धमा अलग्गै संस्थागत सुशासन प्रतिवेदनमा उल्लेख गरिएको छ ।

## व्यवस्थापन

बिपिसीको व्यवस्थापन प्रमुख कार्यकारी अधिकृत श्री रंजन लोहारको नेतृत्वमा रहेको व्यवसायिक व्यक्तित्वहरूको दरिलो समूहद्वारा संचालित छ ।

आ.व. २०६६।६७ को अन्त सम्ममा २७० जना पुरूष तथा २४ जना महिला गरी जम्मा २९४ जना कर्मचारीहरू थिए । विभिन्न अन्तराष्ट्रिय जलविद्युत उत्पादकहरूको प्रवेश तथा नयाँ आयोजनाहरू विकासको लागि विग्रदै गएको वातावरणको कारण कम्पनीले कर्मचारीहरूको महत्वपूर्ण वर्हिगमनको समस्या बेहोर्नु पऱ्यो ।

आ.व. २०६६।६७ मा भएको व्यवस्थापन खर्च रकम जम्मा रू. ८ करोड ३२ लाख ५० हजार रहेको छ, जुन गत आ.व.को भन्दा १८.२९% ले बढी हो । खर्च बढ्नुको मुख्य कारणहरू व्यवसायको विस्तार, बोनस शेयरको सूचीकरण तथा देशमा बढेको महङ्गीका कारण कर्मचारीहरूको तलवमा गरिएको वृद्धि रहेका छन् । उच्च व्यवस्थापन तथा वरिष्ठ कार्यकारीहरूको सूची संस्थागत सुशासन प्रतिवेदनमा समावेश गरिएको छ ।

## स्वस्थ्य, सुरक्षा तथा वातावरण

कम्पनीमा कार्यरत कर्मचारीहरूलाई आवश्यक काम गर्ने वातावरण उपलब्ध गराउने लक्ष्य प्राप्तीका लागि बिपिसीले स्वस्थ्य, सुरक्षा तथा वातावरण प्राथमिकता दिएको छ । योजना बनाई सवै कर्मचारीहरूको स्वस्थ्य परीक्षण गरी स्वस्थ्य संग सम्वन्धित आधारभूत सूचनाहरू राखिएका छन् । पेशागत स्वस्थ्य र सुरक्षा सम्वन्धी सचेतनामूलक कार्यक्रमहरू संचालन गरिएको थियो । वर्ष भरी कुनै गम्भिर दुर्घटना भएनन् । तर, पाँच वटा सामान्य चोटपटकका घटनाहरू भएका थिए ।

बिपिसीले एकिकृत गुणस्तर तथा वातावरणीय नीति अवलम्वन गरेको छ । व्यवसायिक इकाईहरूले व्यवसायिक गतिविधिहरू वातावरण मैत्री तरीकावाट संचालन गरेका छन् । बिपिसीले वातवरण सम्वन्धी सचेतना अभिवृद्धि गर्न स्थानियहरूसंग हातेमालो गर्दै विश्व वातावरण दिवस २०१० मनायो ।

## औद्योगिक संलग्नता तथा कर्मचारी सम्वन्ध

बिपिसी नेपाल उद्योग वाणिज्य महासंघ तथा स्वतन्त्र उर्जा उत्पादक संघसंग आवद्ध छ । बिपिसीले व्यवस्थापन तथा कर्मचारी विचको असल सम्वन्ध कायम गर्दै आएको छ । कर्मचारीको व्यवसायिक क्षमता विकासको लागि निजहरूको क्षमता वृद्धि गर्न तथा कम्पनीको आवश्यकता पुरा गर्नको लागि कर्मचारीहरूलाई तालिमहरू प्रदान गरिएको थियो ।

कर्मचारी सम्वन्ध अधिकृतको नियूक्ती पश्चात कर्मचारीका मुद्धा, पिरमर्का तथा सरोकार हरूलाई सम्वोधन गर्ने संयन्त्र अझ सुदृढ भएको छ ।

## जोखिम व्यवस्थापन

जोखिम व्यवस्थापन बिपिसीको व्यवसाय संचालनको एउटा महत्वपूर्ण तत्वको रूपमा रहेको छ । कम्पनीका विभिन्न व्यवसायिक इकाईहरूको कार्यसंग सम्वन्धित जोखिमहरूको पहिचन, निर्धाणरण, योजना, निरूपण तथा अनुगमनको लागि संस्थागत जोखिम व्यवस्थापनलाई लागु गरिएको छ ।

व्यवस्थापनले कम्पनीका व्यवसायिक कार्यहरूसंग सम्वन्धित मुख्य मुख्य जोखिमहरूका सम्वन्धमा संचालक समितिलाई जानकारी गराउँदै आएको छ । ति जोखिमहरूलाई विश्लेषण गर्ने तथा व्यवस्थापन गर्ने रणनीतिहरू बनेका छन् । कम्पनीले ति जोखिमहरूलाई उचित ध्यान दिनुको साथै उचितरूपमा समयमै संवोधन गरेको छ ।

## आन्तरिक नियन्त्रण

बिपिसीले एकिकृत गुणस्तरीय तथा वातावरणीय व्यवस्थापन प्रणाली लागु गरेको छ । आन्तरिक नियमहरू तथा निर्देशनहरू व्यवसायको प्रकृति तथा आवश्यकता अनुसार परिभाषित गरिएका छन् ।

त्यसका अतिरिक्त कम्पनीको सम्पत्ति, आर्थिक हिसाव किताव तथा लेखा सम्वन्धी प्रकृयाहरूमा संलग्न आन्तरिक नियन्त्रण तथा जोखिम व्यवस्थापन कार्यको विश्लेषण गर्नको लागि स्वतन्त्र लेखापरीक्षकवाट आवधिक रूपमा आन्तरिक लेखापरीक्षण गराउँदै आइएको छ । आन्तरिक लेखापरीक्षकका सिफारिस तथा लेखापरीक्षण समितिको निर्णयहरू तदारूक्ताकासाथ कार्यन्वयन गरिएको छ ।

## वाह्य लेखापरीक्षण

श्री पि.पि. प्रधान एण्ड कम्पनीले बिपिसीको आ.व. २०६६।६७ को हिसाव किताव लेखापरीक्षण गऱ्यो । लेखापरीक्षकले कम्पनीको वित्तिय विवरण उपर कुनै नकरात्कम टिप्पणी गर्नु भएको छैन ।

## शेयरधनीहरुको सुझाव

शेयरधनीहरूका सुझावहरूलाई गम्भिरतापूर्वक लिइएको छ र ति सुझावहरूलाई प्राथमिकताका आधारमा कार्यन्वयन गर्न संभव ठानिएका सवै प्रयासहरू गरिएको छ ।

## सहायक कम्पनीहरुसंग भएका प्रमुख कारोवारहरु

बिपिसीले सहायक तथा सम्वद्ध कम्पनीहरूसंग गरेका प्रमुख कारोवारहरू आ.व. २०६६।६७ को वित्तिय विवरणहरूमा खुलाइएको छ ।

## जलविद्युत तथा नेपालमा विकासको संभावना:

विश्वको उर्जा खपत मध्ये जलविद्युतले केवल २.३% मात्र योगदान गरेको छ । विश्वका केवल छ राष्ट्रहरू – व्राजिल, क्यानाडा, नर्वे, पारग्वे, स्वीजरलैण्ड र भेनाजुएला – ले तिनिहरूको अधिकांश उर्जा माग जलविद्युतवाट परिपुर्ति गर्ने गरेको छन् । जलविद्युतको संभाव्यताको उपयोगको हिसावमा हेर्ने हो भने नर्वे सबै भन्दा माथी देखिन्छ भने अन्य राष्ट्रहरूले जलविद्युतको संभाव्यतालाई उपयोग गर्ने तथा अन्य स्रोतवाट उपलब्ध हुने उर्जालाई कम गर्ने तर्फ ध्यान केन्द्रित गरेको देखिन्छ ।

नेपाल चीन तथा भारत जस्तो द्रुत गतिमा अघि बढेको दुई ठूला अर्थव्यवस्थाका बीच अवस्थित छ । चीन विश्वमा सवै भन्दा बढी जलविद्युत उत्पादन गर्ने राष्ट्र हो, जसले सन् २००९ मा २००,००० मेगावाट जडित क्षमतावाट ६५२.०५ ट्रिलियन वाट आवर विद्युत उत्पादन गऱ्यो ।

सोही वर्ष भारत सातौं ठुलो जलविद्युत उत्पादकको रूपमा ३४,००० मेगावाट जडित क्षमतावाट ११५.६ ट्रिलियन वाट आवर विद्युत उत्पादन गऱ्यो । चिन तथा भारतले तिनिहरूको जलविद्युत संभाव्यताको उपयोग क्रमशः २२.२५% तथा १५.८०% का हिसावले गरेका देखिन्छ ।

नेपालले जलविद्युतको उत्पादन सन् १९११ वाट शुरू गरेको भएपनि हालसम्म आर्थिक तथा प्राविधिक दृष्टिले संभाव्य क्षमताको केवल २% को हाराहारीमा उपायोग गर्न सकेको छ । देशले विद्युतको अभाव खपिरहेको छ । विद्युत सेवा उपलब्ध भएका उपभोक्ताहरूले पनि हिउँदमा १६ घण्टा सम्म लोडसेडिङ खप्नु परिरहेको छ ।

जलविद्युतको द्रुत विकास अपुग उर्जाको माग पुरा गर्न मात्र नभएर देशको अर्थिक विकासमा उर्जा प्रदान गर्न समेत आवश्यक छ । छिमेकी देशहरूमा देखिएको उर्जाको अभाव समेतलाई ध्यानमा राख्दा जलविद्युतको संभाव्यताको उपयोगवाट गुणात्मकरूपमा आर्थिक विकास हुन सक्ने देखिन्छ ।

## व्यवसाय तथा लगानीको वातावरणः

नेपाल सरकारले सन् २०२० सम्ममा २५,००० मेगावाट विद्युत उत्पादन गर्ने तथा देशभर विद्युतीकरण गर्ने लक्ष लिएको छ । विगतका केही वर्षहरूमा नेपालको जलविद्युत क्षेत्रमा केही सुधारहरू देखापरेका छन् । विद्युत विधेयक तथा विद्युत नियमन निकाय विधेयक व्यवस्थापिका संसदमा पेश भएका छन् । उर्जा मन्त्रालयले अनुमतिपत्र व्यवस्थापन सम्वन्धमा आन्तरिक निर्देशिका जारी गरेको छ । नेपाल सरकारको स्वमित्वमा रहेको नेपाल विद्युत प्राधिकरणले २५ मेगावाट भन्दा कम क्षमताको जलविद्युत आयोजनाहरूवाट विद्युत खरीद गर्नको लागि विद्युत खरीद दर निर्धारण गरेको छ । आ.व. २०६६।६७ मा १३६.२२ मेगावाट विद्युत खरीद गर्नको लागि २७ वाट विद्युत खरीद बिक्री सम्झौताहरू हस्ताक्षर भएका छन् । तथापी, वहुसंख्याक आयोजनाहरू वित्तिय व्यवस्थापनको समस्यमा परेका छन् । धेरै आयोजनाहरू निर्माण शुरू गर्न तयार भएर पनि अव्यवहारिक थोक विद्युत खरीद दरको कारण निर्माण शुरू गर्न नसक्ने अवस्थामा रहेका छन् ।

राजनैतिक अस्थिरता, अपर्याप्त कानूनी व्यवस्था, लामो प्रशासनिक प्रकृयाहरू, न्यून महशुल दर, विद्युत प्रसारणको लागि कमजोर जडान सुविधा, स्थानिय जनताको अस्वभाविक मागहरू, राजनितिकरण भएको श्रम शक्ति तथा वित्तिय वजारमा संकट देखिनु नेपालमा जलविद्युत क्षेत्रको विकासका मुख्य वाधकको रूपमा देखिएको छ ।

नेपालमा व्यवसाय तथा लगानीको वातावरणमा सुधार ल्याउन नेपाल उद्योग वाणिज्य महासंघ तथा स्वतन्त्र उर्जा उत्पादक संघसंग मिलेर पहल कदमीहरू लिइएका छन् । बिपिसी उक्त विकास प्रयासका लागि एक सक्रिय सहभागीको रूपमा रहेको छ ।

## आगामी वर्षः

आ.व. २०६७।६८ का प्राथमिकताहरूमा कम्पनीसंग रहेका आयोजनाहरूको विकास गर्ने तथा सहायक कम्पनीहरूको व्यवसाय विस्तार रहेका छन् ।

आँधिखोला क्षमतावृद्धि आयोजनाको उत्पादन अनुमतिपत्र प्राप्त भइसकेको हुँदा सो आयोजनाको निर्माण शुरू हुनेछ । कावेली ए जलविद्युत आयोजना (३७ मेगावाट) तथा न्यादी जलविद्युत अयोजना (३० मेगावाट) को सन् २०११ भित्रै निर्माण कार्य शुरू गर्नको लागि निर्माणपूर्वका कार्यहरू द्रुत गतीमा अगाडि बढाइनेछ । लोअर मनाङ मर्स्याङदी आयोजना (९३ मेगावाट) को संभाव्यता अध्ययन तथा वातावरणीय प्रभाव मुल्यांकनको कार्यहरू

सन् २०११ मा सम्पन्न गरिने छ । साथै, ग्रामिण विद्युतीकरण विस्तार योजना अर्न्तगत ३९०० नयाँ उपभोक्ताहरू वितरण संजालमा जोडिने योजना गरिएको छ ।

साथै, बिपिसीको समूहमा नयाँ जलविद्युत आयोजनाहरू थप गर्ने प्रयत्न गरिने छ ।

## कृतज्ञता ज्ञापन

कम्पनीको प्रगतिको लागि आ.व.२०६६।६७ मा प्रत्यक्ष वा परोक्ष रूपले सहयोग गर्ने नेपाल सरकार, नेपाल विद्युत प्राधिकरण, नर्वे सरकारको वैदेशिक मामिला सम्बन्धी मन्त्रालय, उपभोक्ताहरू, ठेकेदारहरू, सप्लायर, संवद्ध संस्थाहरू, वैंकहरू, लेखापरीक्षकहरू र अन्य संस्था तथा व्यक्तिहरूप्रति हामी आभारी छौं ।

संचालक समिति अर्न्तगतका समितिहरू, व्यवस्थापन समूह तथा कर्मचारीहरूलाई बिपिसीको प्रगतिको लागि गर्नु भएको सर्मपण एवं योगदानको लागि तथा शेयरधनीहरूलाई यस कम्पनी प्रति देखाउनुभएको विश्वासको लागि हार्दिक धन्यवाद दिन चाहन्छौं ।

धन्यवाद ।

संचालक समितिको तर्फवाट



पद्‌म ज्योति
अध्यक्ष
मितिः २०६७/०८/२०

# संक्षिप्त आर्थिक प्रतिवेदन

## आ. व. २०६६।६७ (कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसार तयार गरिएको)

**शेयरधनीज्यूहरु,**

१. कम्पनीको वार्षिक कारोवार गत वर्षको करोवार रकम रू. ४७ करोड ७ लाखमा १.९४% को सामान्य वृद्धिभई रू. ४७ करोड ९८ लाख भयो । गत वर्ष बोनस तथा कर पछिको खुद नाफा रू. २९ करोड १६ लाख रहेकोमा यस वर्ष रू. २२ करोड ४२ लाख भएको छ । झिमरूक विद्युत गृहको १५ वर्षको संचालन पश्चात सो विद्युत गृहको आयमा बढ्न गएको रोयल्टी तथा करको भूक्तानीका कारण खुद नाफा घट्न गएको हो ।

२. कम्पनीको वित्तिय परिणामको सारसंक्षेप निम्न अनुसार रहेका छन् ।

३. झिमरूक खोलामा कम पानीको वहावका वावजुद झिमरूक तथा आँधिखोला विद्युत गृहहरूवाट १०१.९ गिगावाट आवर विद्युत उत्पादन भयो । यो उत्पादन गत वर्षको तुलानामा ०.९% को वृद्धि हो । समग्रमा उत्पादन व्यवसायको नाफाको दर ८४% रह्यो ।

४. आ.व. २०६६।६७ को अन्त सम्म कायम उपभोक्ताहरूको संख्या ३४,४२८ पुगेको छ । यो संख्या नेपालको एकिकृति प्रसारण प्रणाली अन्तर्गत विद्युतीकरण भएका उपभोक्ताको करीव २% हुन आउँछ । कम्पनीले गत वर्ष १३.३५ गिगावाट आवर

(अन्यथा उल्लेख गरको वाहेक अंक रू. हजारमा)

| विवरण | २०६६/०६७ | २०६५/०६६ |
|---|---|---|
| थोक विद्युत बिक्री बाट आम्दानी | ३८७,८९६ | ३७५,१०३ |
| उपभोक्तालाई विद्युत र सेवा बिक्री बाट आम्दानी | ७४,६७१ | ६३,७३७ |
| इन्जिनियरिङ तथा परामर्श सेवाबाट आम्दनी | - | २८,१०८ |
| व्यववस्थापन तथा प्राविधिक सेवावाट आम्दानी | १७,२४१ | ३,७४० |
| जम्मा संचालन आम्दानी | ४७९,८०९ | ४७०,६८८ |
| जम्मा संचालन खर्च | २०६,७२१ | १५६,१४८ |
| कूल संचालन नाफा | २७३,०८८ | ३१४,५४० |
| अन्य आय | १५१,२८० | १६०,६११ |
| प्रशासनिक तथा अन्य खर्च | १६९,४७१ | १६१,६५३ |
| वाँडफाँड अघीको खुद मुनाफा | २२४,२३३ | २९१,५९२ |
| प्रतिशेयर आम्दानी रू. | २४.२९ | ३४.७५ |
| नेटवर्थ रू. दश लाखमा | १,६३० | १,५४६ |

विद्युत उपभोक्ताहरूलाई बिक्री गरेकोमा त्यसमा ९.९६% ले वृद्धि भई १४.६८ गिगावाट आवर विद्युत बिक्री गरिएको थियो । न्यून विद्युत महशुल दर, बढ्दो कर्मचारी खर्च तथा उपभोक्ताहरू ग्रामिण क्षेत्रहरूमा छरिएर रहेका कारण वितरण व्यवसायवाट आयमा कमी तथा नोक्सान बढ्न गएको छ ।

५. संचालनमा रहेका सहायक तथा संवद्ध कम्पनीहरूको कार्य सम्पादन यस प्रकार रह्यो ।

(क) हिमाल पावर लि. ले ६० मेगावाट क्षमताको खिम्ती प्रथम विद्युत गृह संचालनवाट आ.व. २०६६।६७ मा रू. १ अरव ३४ करोड ८७ लाख खुद नाफा आर्जन गर्‍यो । बिपिसीले उक्त आ.व.मा हिमाल पवार लि.वाट रू.१३ करोड ७८ लाख लाभांश प्राप्त गर्‍यो ।

(ख) हाइड्रो कन्सल्ट प्रा.लि. एक इन्जिनियरिङ परामर्शदाता कम्पनी हो । यस कम्पनीले रू २ करोड ४२ लाख कारोवार गरी रू. ९ लाख ४४ हजार नाफा गर्‍यो ।

(ग) बिपिसी सर्भिसेज लि. संचालन तथा मर्मत संभार सेवा प्रदायक कम्पनी हो । यस कम्पनीले आ.व. २०६६।६७ मा रू. ९० लाख ९८ हजारको कारोवार गरी रू. १३ लाख २२ हजार नाफा गर्‍यो ।

(घ) नेपाल हाइड्रो तथा इलेक्ट्रिक लि. हाइड्रो मेकानिकल तथा इलेक्ट्रो मेकानिकल उत्पादक कम्पनी हो । यस कम्पनीले आ.व. २०६६।६७ मा रू. २८ करोड ५३ लाखको कारोवार गरी रू. ५ लाख २८ हजार नाफा गरेको छ ।

(ङ) खुदी हाइड्रोपावर लि.ले खुदी विद्युत गृहको संचालनवाट आ.व. २०६६।६७ मा रू. ७ करोड ९६ लाख ५० हजार विद्युत बिक्री गरेकोमा रू. १ करोड ९२ लाख ९३ हजार नोक्सान बेहोरेको छ ।

(च) हाइड्रो ल्याव प्रा.लि. हाइड्रोलिक्स तथा सेडिमेण्ट विश्लेषण सेवा प्रदायक कम्पनी हो । यस कम्पनीले आ.व. २०६६।६७ मा १ करोड ५३ लाखको कारोवार गरी २७ लाख ७५ हजार नाफा आर्जन गर्‍यो ।

(छ) झिमरूक औधोगिक केन्द्र प्रा.लि. बिपिसीको संस्थागत सामाजिक उत्तरदायित्वको एक पहल कदमीको रूपमा रहेको छ । यस कम्पनीले आ.व. २०६६।६७ मा रू. २६ लाख ९२ हजारको कारोवार गरी रू. ७ लाख ७१ हजार नोक्सान बेहोरेको छ ।

६. आयोजनाहरू/संयूक्त लगानीका कम्पनीहरूको अवस्था तथा यस वर्षको योजना यस प्रकार रहेको छ ।

(क) न्यादी हाइड्रोपावर लि. ले विकास गर्न लागेको ३० मेगावाट क्षमताको न्यादी जलविद्युत आयोजना निर्माणपूर्वका कार्यहरू सम्पन्न गर्ने चरणमा रहेको छ । यो आयोजनाको निर्माण सन् २०११ वाट शुरू हुने अपेक्षा गरिएको छ ।

(ख) केटोन हाइड्रोपावर लि.ले विकास गर्न लागेको ४२ मेगावाट क्षमताको मर्स्याङ्दी तेश्रो जलविद्युत आयोजनाको संभाव्यता अध्ययनको कार्य सम्पन्न भएको छ । प्रारम्भिक वातावरणीय परीक्षणको कार्य यस आ.व.मा गरिने छ ।

(ग) कावेली इनर्जि लि.ले विकास गर्न लागेको कावेली ए जलविद्युत आयोजनाको संभाव्यता अध्ययन प्रतिवेदनको अद्यावधी गर्ने कार्य सम्पन्न भएको छ । आयोजनाको जडित क्षमता बढेर ३७.६ मेगावाट पुगेको छ । आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय एवं सामाजिक प्रभाव मुल्यांकनको लागि दायरा (TOR) क्रमशः उर्जा मन्त्रालय तथा विश्व वैंकवाट स्वीकृत भएका छन् । सन् २०११ भित्र आवश्यक स्वीकृति लिने कार्यहरू तथा वित्तिय व्यवस्थापन सम्पन्न हुने अपेक्षा गरिएको छ ।

(घ) ९.४ मेगावाट क्षमताको आँधिखोला क्षमतावृद्धि आयोजनाको सिभिल, हाइड्रो मेकानिकल तथा इलेक्ट्रोमेकानिकल कार्यहरूको ठेक्का सम्झौता तयारी सम्पन्न भएको छ । यो आयोजना सन् २०११ को पूर्वार्द्ध देखि निर्माण कार्य शुरू गरिने छ ।

(ङ) ९३ मेगावाट क्षमताको लोअर मनाङ मर्स्याङ्दी आयोजनाको पूर्वसंभाव्यता अध्ययन सम्पन्न भएको छ । हाल संभाव्यता अध्ययनको कार्य चलिरहेको छ र सन् २०११ भित्र सम्पन्न हुने अपेक्षा गरिएको छ ।

(च) ग्रामिण विद्युतीकरणको कार्य सन्तोषजनक रूपमा अघि बढिरहेको छ । यस आ.व.मा ३९०० उपभोक्ताहरू कम्पनीको वितरण संजालमा जोडिने छ ।

(छ) बिपिसिको समूहमा नयाँ आयोजनाहरू थप गर्ने प्रयासहरू गरिने छ ।

७. संचालक समितिले चुक्ता पूँजीको २०% नगद लाभांश तथा १०% बोनस शेयर वितरणको लागि सिफारिस गरेको छ ।

८. ३:२ को अनुपातमा हकप्रद शेयर जारी गर्न प्रक्रिया शुरू गरिएको थियो र कम्पनीको लगानी आवश्यकताका आधारमा उक्त प्रक्रिया पुरा गरिनेछ ।

९. कम्पनीका लेखापरीक्षकद्वारा कम्पनीको वार्षिक हिसाव विवरण तथा लेखा सम्बन्धी विवरणमा कुनै कैफियत जनाउनु भएको छैन ।

१०. प्रस्तुत संक्षिप्त आर्थिक विवरण कम्पनीको वार्षिक आर्थिक विवरण र संचालक समितिको प्रतिवेदनवाट संक्षपीकरण गरिएको हो ।

**रंजन लोहार**
प्रमुख कार्यकारी अधिकृत

**प्रताप प्रसाद प्रधान**
पि.पि. प्रधान एण्ड कम्पनी
चार्टर्ड एकाउण्टेण्टस्

## २०६७ आषाढ ३२ गतेको

# वासलात

| विवरण | आ.व. २०६६/६७ | आ.व. २०६५/६६ |
|---|---|---|
| **१. कोषको श्रोत** | | |
| १ शेयरधनी कोष | | |
| शेयर पूँजी | ९२२,९६७,५०० | ८३९,०५७,७०० |
| जगेडा तथा बचत | ५३३,८२०,२१३ | ५७८,२०१,५८६ |
| जम्मा शेयरधनीको कोष | १,४५६,७८७,७१३ | १,४१७,२५९,२८६ |
| २ विविध कोष | | |
| ग्राण्ट जगेडा | १७३,०१४,४५३ | १२९,००७,५३१ |
| जम्मा विविध कोष | ५७,९७०,२०५ | २६,७२९,०१७ |
| **जम्मा** | **१,६८७,७७२,३७१** | **१,५७२,९९५,८३४** |
| **२. कोषको प्रवाह** | | |
| १ अचल सम्पत्ति | | |
| कुल अचल सम्पत्ति | १,४३१,५३३,९६३ | १,३९९,४५०,३१३ |
| न्यून: ह्रासकट्टी | ६४९,८६८,३१० | ६३४,११०,८२३ |
| खुद अचल सम्पत्ति | ७८१,६६५,६५४ | ७६५,३३९,४९० |
| २ पूँजीगत कार्य प्रगति | ९५,४०३,५४० | ४३,१५४,६२१ |
| ३ शेयर लगानी | ८०७,२१०,७०३ | ७०६,१३३,५९९ |
| ४ चालु सम्पत्ति | | |
| मौज्दात | १०४,५४३,२०२ | ९२,७२३,११० |
| आसामी तथा प्राप्य रकम | ९३,६८९,७४० | १७१,३५९,३७४ |
| नगद तथा बैंक मौज्दात | २३४,८८७,८८३ | २९१,६८७,१५८ |
| पेश्की तथा धरौटी भुक्तानी | २१८,३९७,८६३ | १८८,०६७,६४९ |
| जम्मा चालु सम्पत्ति | ६५१,५१८,६८८ | ७४३,८३७,२९१ |
| ५ न्युन: चालु दायित्व | | |
| बैंक ऋण | २०५,४९४,७५१ | १५४,२९४,२९२ |
| साहु तथा भुक्तानी गर्नु पर्ने रकम | ३०१,५१७,४२० | ४३४,०५०,०२६ |
| पेश्की तथा धरौटी प्राप्त | ५९,५५५,९९८ | ३६,१९९,८०२ |
| व्यवस्थाहरू | ८७,१०२,९११ | ६६,६६०,०४९ |
| जम्मा चालु दायित्व | ६५३,६७१,०८० | ६९१,२०४,१६९ |
| खुद चालु सम्पत्ति | (२,१५२,३९२) | ५२,६३३,१२३ |
| ६ पर सारिएको खर्च | ५,६४४,८६७ | ५,७३५,००१ |
| **जम्मा** | **१,६८७,७७२,३७१** | **१,५७२,९९५,८३४** |

# आ.व. २०६६/६७ को नाफा नोक्सानको हिसाव

| विवरण | आ.व. २०६६।६७ | आ.व. २०६५।६६ |
|---|---|---|
| **संचालन आम्दानी** | | |
| नेपाल विद्युत प्राधिकरणलाई विद्युत बिक्री | ३८७,८९६,१०८ | ३७५,१०३,०७८ |
| उपभोक्तालाई विद्युत बिक्री | ६५,५३५,४७९ | ५५,६९७,१२० |
| विद्युत सेवा | ९,१३६,८१३ | ८,०४०,१४२ |
| ब्यवस्थापन तथा प्राविधिक सेवा | १७,२४०,८२३ | ३,७४०,०१५ |
| परामर्श सेवा | - | २८,१०८,२२७ |
| **जम्मा संचालन आम्दानी** | **४७९,८०९,२२४** | **४७०,६८८,५८१** |
| **संचालन खर्चहरु** | | |
| उत्पादन खर्च | १३७,८४१,८४० | ८८,४९१,३३३ |
| वितरण खर्च | ५५,७६२,२९१ | ४८,६९९,८१५ |
| ब्यवस्थापन तथा प्राविधिक सेवा खर्च | १२,०७१,६५० | - |
| योजना विकास खर्च | १,०४५,१८६ | - |
| परामर्श खर्च | - | १८,९५७,०७९ |
| **जम्मा संचालन खर्चहरु** | **२०६,७२०,९६६** | **१५६,१४८,२२७** |
| **कुल संचालन नाफा** | **२७३,०८८,२५८** | **३१४,५४०,३५५** |
| **प्रशासनिक तथा अन्य खर्चहरु** | | |
| प्रशासनिक खर्च | ८३,२५२,५०४ | ७०,३७६,५९० |
| ह्रास कट्टी | ६०,६३२,३६८ | ६१,८७२,५५२ |
| लगानीमा नोक्सान व्यवस्था | ७,४८३,०२७ | २१,४९१,२९४ |
| व्याज खर्च | १८,१०३,७०० | ७,९१२,६८२ |
| **जम्मा प्रशासनिक तथा अन्य खर्चहरु** | **१६९,४७१,५९९** | **१६१,६५३,११८** |
| **अन्य श्रोतहरुवाट आम्दानी** | | |
| व्याज आम्दानी | ६,४०७,५७२ | ११,२७२,१०९ |
| अन्य आम्दानी | १,६९८,३३८ | २,८९६,०७८ |
| ग्राण्ट सहयोगको आम्दानी अंशको ह्रासकट्टी | ७,५४७,३६७ | ५,८६६,३०५ |
| प्रविधि हस्तान्तरण ग्राण्ट सहयोग | २,०७७,२४७ | ४,३१६,८१३ |
| लाभांश आम्दानी | १३७,८०२,९९२ | १०४,८४२,७०१ |
| विदेशी मुद्रा विनिमय लाभ (नोक्सानी) | (३,६५१,२३६) | ३०,८०९,४०० |
| सम्पत्ति तथा मौज्दात निसर्गमा लाभ (नोक्सानी) | (६०१,९१६) | ६०७,७३९ |
| **जम्मा अन्य श्रोतहरुवाट आम्दानी** | **१५१,२८०,३६५** | **१६०,६११,१४५** |
| **बोनस र कर अधिको नाफा** | **२५४,८९७,०२४** | **३१३,४९८,३८१** |
| कर्मचारी बोनस | ५,४५७,३५५ | ९,६५९,३२९ |
| कर्पोरेट आयकर व्यवस्था | २५,२०६,७२४ | १२,२४६,८८९ |
| **वाँडफाँड अधिको मुनाफा** | **२२४,२३२,९४५** | **२९१,५९२,१६३** |
| **नाफा नोक्सानको वाँडफाँड हिसाव** | | |
| गत वर्षको वाँकी | ४२९,५०१,५८६ | ३०६,३९६,७९४ |
| यस वर्षको नाफा | २२४,२३२,९४५ | २९१,५९२,१६३ |
| **जम्मा** | **६५३,७३४,५३१** | **५९७,९८८,९५७** |
| न्युनः १०% बोनस शेयर | (८३,९०५,७७०) | |
| न्युनः लाभांश | (१८४,५९३,५००) | (१६७,८११,५४०) |
| **जम्मा लाभांश** | **(२६८,४९९,२७०)** | **(१६७,८११,५४०)** |
| विगत वर्षको समायोजन | (११५,०४८) | (६७५,८३१) |
| **संचित मुनाफा वासलातमा सरेको** | **३८५,१२०,२१३** | **४२९,५०१,५८६** |

## बुटवल पावर कम्पनी लिमिटेडको
# १८ औं वार्षिक साधारण सभा

BUTWAL POWER COMPANY LIMITED

## हाजिरी जनाउ पत्र

**यो हाजिरी जनाउ पत्र भरी साधारण सभा स्थलको प्रवेशद्वारमा बुझाइदिनुहुन अनुरोध गरिन्छ।**

शेयरधनीको नामः...........................................................................................................

शेयरधनीको ठेगानाः..........................................................पो.व.नं..................................

फोन नं................................................मोवाइल नं..................................................

शेयरधनी नं.:....................शेयर प्र.प. नं.:...................शेयर संख्याः................................

मिति २०६७।०९।२३ गते इन्द्रेणी कम्प्लेक्स, वानेश्वर, काठमाण्डौंमा अपरान्ह २.३० वजे शुरू हुने १८ औं वार्षिक साधारण सभामा भाग लिनको लागि स्वयं/प्रतिनिधि मार्फत उपस्थित भएको छु ।

________________________

शेयरधनीको हस्ताक्षर

---

## प्रोक्सी-फारम

श्री संचालक समिति
**बुटवल पावर कम्पनी लि.**
वुद्धनगर, वानेश्वर, काठमाण्डौ ।

**विषयः** प्रतिनिधि नियुक्त गरेको बारे ।

महाशय,

.............................................जिल्ला...........................म.न.पा/न.पा./गा.वि.स. वडा नं. ..................., .................... वस्ने म/हामी ...............................................................ले त्यस कम्पनीको शेयरवालाको हैसियतले २०६७ साल पौष २३ गतेका दिन हुने १८ औं वार्षिक साधारण सभामा स्वंय उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा भाग लिन तथा मतदान गर्नका लागि.........................जिल्ला .............................................म.न.पा/न.पा./गा.वि.स./ वडा नं..........., ...........वस्ने श्री ...................................... लाई मेरो/हाम्रो प्रतिनिधि मनोनित गरी पठाएको छु/छौं ।

निवेदकः ..................................................

दस्तखतः ..................................................

ठेगानाः ..............................पो.व.नं.................

फोन नं......................................................

शेयरधनी नं.: ....................................

शेयर प्र.प.नं.: ....................................

शेयर संख्याः ....................................

मितिः ..............................................